# प्रदेश लोक सेवा आयोग

**मधेश प्रदेश, जनकपुरधाम।**

**प्रदेश निजामती सेवातर्फका अधिकृत एघारौं र नवौं तह (अप्राविधिक/प्राविधिक) पदको विज्ञापन सम्बन्धमा।**

सूचना नं. १०४/२०८३-८४ मिति: २०८३/०५/२५ गते बिहिवार

यस आयोगको आ.व. २०८३/८४ को स्वीकृत वार्षिक कार्यतालिका अनुसार भदौ महिनाको अन्तिम बिहिवार अर्थात् मिति २०८३/०५/२५ गते प्रदेश निजामती सेवाका अधिकृत एघारौं र अधिकृत नवौं तह (अप्राविधिक/प्राविधिक) पदको विज्ञापन सूचना प्रकाशन गर्न तोकिएकोमा प्रदेश निजामती सेवा ऐन, २०७७ को दफा १० को उपदफा (३) बमोजिम मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट रिक्त पदपूर्तिको लागि वार्षिक कार्यतालिका बमोजिम निर्धारित समयमा यस आयोगमा माग पठाउनुपर्ने व्यवस्था भएकोमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, जनकपुरधामको च.नं. ७०१ मिति २०८३/०५/२४ गते "श्रीमान् प्रमुख सचिवज्यूको संयोजकत्वमा मिति २०८३/०४/११ मा बसेको सचिव बैठकबाट भएको यसैसाथ संलग्न निर्णयको निर्णय नं. ४ अनुसार मधेश प्रदेश सरकार अन्तर्गतका निकायहरुको संगठन तथा व्यवस्थापन (O & M) सम्बन्धी कार्य सम्पन्न भई नसकेकोले तहाँबाट माग भए बमोजिमको माग आकृति पठाउन नसकिएको" भन्ने व्यहोरा सहितको पत्र प्राप्त भएको र सोही बमोजिम प्रदेश निजामती सेवाका अधिकृत एघारौं र नवौं तह (अप्राविधिक/प्राविधिक) पदको विज्ञापन नहुने व्यहोरा यस आयोगको मिति २०८३/०५/२४ गतेको निर्णयानुसार सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**स्थानीय सेवातर्फका अधिकृत एघारौं तह (अप्राविधिक/प्राविधिक) पदको विज्ञापन सम्बन्धमा।**

सूचना नं. १०५/२०८३-८४ मिति: २०८३/०५/२५ गते बिहिवार

यस आयोगको आ.व. २०८३/८४ को स्वीकृत वार्षिक कार्यतालिका अनुसार भदौ महिनाको अन्तिम बिहिवार अर्थात् मिति २०८३/०५/२५ गते स्थानीय सेवाका अधिकृत एघारौं तह (अप्राविधिक/प्राविधिक) पदको विज्ञापन सूचना प्रकाशन गर्न तोकिएकोमा स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन २०८१ को दफा १२ बमोजिम मधेश प्रदेशका स्थानीय तहहरुबाट अधिकृत एघारौं तहका रिक्त पदको माग भई नआएको हुँदा विज्ञापन प्रकाशन गर्न नसकिएको व्यहोरा आयोगको मिति २०८३/०५/२३ गतेको निर्णयानुसार सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।